# राउटे समुदायका मुखियाले के के गर्न पाउँछन्



**प्रकाश पन्त**
सुर्खेत

२० फेब्रुवरी २०२३

एक दशक अघिसम्म एकजना मुखियाले पश्चिम नेपालका जङ्गलमा वर्षौंदेखि फिरन्ते जीवन बिताइरहेका राउटे समुदायको नेतृत्व गरेका थिए।

एक मात्र मुखिया हुने परम्परा तोड्दै राउटे समुदायले विसं २०६९ सालमा भने तीनजना मुखिया बनायो।

त्यसैले अहिले राउटे समुदायमा रास्कोटी, कल्याल र सोवंशी थरका अलगअलग मुखिया छन्।

## तीन थरका तीन मुखिया

सूर्यनारायण शाहीले रास्कोटी, वीरबहादुर शाहीले कल्याल र दिलबहादुर शाहीले सोमवंशी थरका मानिसलाई नेतृत्व गरिरहेका छन्।

राउटे समुदायमा मानबहादुर शाहीले झन्डै ६ दशकसम्म मुखिया भएर काम गरेका थिए ।

त्यसपछि उनले आफ्ना ज्वाइँ महिनबहादुर शाहीलाई मुखिया पद हस्तान्तरण गरे।

महिनबहादुरले पनि दुई दशक जति मुखिया राउटे समुदायको नेतृत्व गरे।

चिप्लेर खुट्टा र ढाँडमा समस्या भएपछि हिँडडुल गर्न नसक्ने भन्दै महिनबहादुरले विसं २०६५ सालतिर मुखियाको जिम्मेवारी सूर्यनारायण शाहीलाई दिन खोजेका थिए। तर त्यतिबेला अरूले मानेन्।

राउटे समुदायको उत्थानमा लामो समय काम गरेका भक्तबहादुर शाहीका अनुसार विसं २०६९ सालतिर दैलेखको कुशापानीबाट तीनै थरका राउटे आआफ्नै थरका मुखिया बनाएका थिए।

राउटे युवा लोकेन्द्रबहादुर शाही एकजना मुखियाले मात्रै राम्रोसँग जनता हेर्न नसक्ने भएकोले तीन–तीनजना मुखिया बनाएको बताए।

- लामो समयदेखि बच्चा नजन्मिँदा राउटे समुदाय चिन्तित, कारण के हुनसक्छ?
- लोपोन्मुख राउटे समुदायमा देखिएको ‘अनौठो’ सङ्कट, समाधानको उपाय के
- राउटेको दशैँमा बलि अनिवार्य, बलि नदिए पुरुषलाई नोक्सानी हुने 'अन्धविश्वास'

उनले भने, “जनतालाई सजिलो होला भनेर तीनजना मुखिया बनाएको हो। मुखिया तीनजना भए पनि कुरा भने एउटै हुन्छ।”

बीस–बाइस वर्षसम्म मुखिया चलाएका महिनबहादुर शाही पनि जनतालाई सजिलो होस् भनेर तीनजना मुखिया बनाइएको बताउँछन्।

उनी भन्छन्, “उमेर पनि ढल्दै गयो, चिप्लेर घुँडा र ढाँडमा समस्या आएपछि हिँडडुल गर्न पनि नसक्ने भएँ। त्यसैले मुखियाको जिम्मेवारी अरूलाई हस्तान्तरण गरेँ।”

तर उनी तीनैजना मुखियाले जनताले सोच जस्तो राम्रो काम भने (समयमै भत्ता ल्याउन पहल नगरेको र टाढाटाढा पनि नगएको) गर्न नसकेको गुनासो गर्छन्।

राउटे समुदायका लागि महत्त्वपूर्ण निर्णयहरू भने मुखियाले गर्ने र मुखियाहरूले गरेको निर्णय सबैले अनिवार्य रूपमा मान्ने गर्छन्।

नयाँ ठाउँमा बस्ती सार्दा र ठूला चाडपर्व मनाउँदा तीनैजना मुखियाले सामूहिक रूपमा निर्णय लिन्छन्।

सरकारी वा गैरसरकारी निकायमा मान्छेसँग पनि उनीहरूले सामूहिक रूपमै भेटेर आफ्ना कुरा राख्छन्।

खानेपानी र वनजङ्गलको सुविधा भएको तथा सबै घर अट्न सक्ने ठाउँ बस्ती सार्छन्।

## विश्वासिला र टाठाबाठा मुखिया

कम जाँडरक्सी खाने, सबैका विश्वासिला, टाठाबाठा र भन्नबोल्न सक्ने व्यक्तिलाई राउटे समुदायले मुखियाका रूपमा चुन्छ।

मुखियाले भने जनताका समस्या र पिरमर्का बुझेर समाधानका लागि आवश्यक पहल गर्छन्।

भत्ता र रासन ल्याउन पहल गर्ने, झैझगडा हुन नदिने, भए मिलाउने, धेरै रक्सी खानु हुँदैन भनेर सम्झाउने र अप्ठ्यारो पर्दा साथ र सहयोग दिने काम मुखियाले गर्छन्।

घर बनाउन नसक्ने बूढाबूढीका घर बनाइदिने र बजारबाट रासनपानी ल्याउने नसक्नेलाई पनि उनीहरुले सघाउँछन्।

एउटा मुखियाले अर्को मुखियाका कुरामा खासै विमति राख्दैनन् र हस्तक्षेप पनि गदैनन्।

उनीहरू आफैँले चाहेर हट्न सक्छन्। तर समुदालये भने अहिलेसम्म मुखिया हटाएको देएको छैन।

तर पछिल्लो समय भने बदलिँदो समाजको प्रभाव जङ्गलका राउटे समुदायमा पनि परेको देखिन्छ।

युवा पुस्ताले मुखियालाई खासै नटेर्ने गरेको राउटे समुदायको रेखदेखमा खटिएका सामाजिक सेवा केन्द्र सोसेक दैलेखमा कार्यरत लालबहादुर खत्री बताउँछन्।

उनी भन्छन, “मुखियाले जाँडरक्सी नखाऊ, बिना काम नहिँड भनेर सम्झाउँछन्। तर राउटे युवायुवतीले टेर्दैनन्। आफ्नै किसिमले अघि बढ्छन्।”

## मुखियालाई सघाउन ठालु पनि

राउटे समुदायमा मुखियालाई सघाउन ठालु पनि हुन्छन्।

अहिले हरिबहादुर, धनबहादुर र लोकेन्द्रबहादुर शाही गरी तीनजना ठालु छन्।

आफूहरूले विशेषगरी मुखियाले भनेका कुरा जनतासम्म र जनताका समस्या एवं गुनासा मुखियासम्म पुऱ्याउने काम गर्ने गरेको ठालु लोकेन्द्रबहादुर शाहीले बताउँछन्।

अत्याधिक जाँडरक्सी खाए पनि राउटेबीच खासै झैझगडा हुँदैन।

तर कहिलेकाहीँ भने कसैले जाँडरक्सी खाएर होहल्ला गर्न थाले अरू चुप लाग्छन्।

बोल्यो भने झन् धेरै कराउँछन् भनेर जाँडरक्सी खाएकोसँग कोही पनि बोल्दैनन्। खाएकै अवस्थामा हात हाले पनि सहेरै बस्छन्, तर प्रतिकार गर्दैनन्।

## सहयोगका नाममा राउटेबीच विभाजन

राउटे समुदायको उत्थानमा लामो समय काम गरेका दैलेखका पत्रकार भक्तबहादुर शाही भने सरकार तथा गैरसरकारी सहयोगका नाममा राउटेबीच विभाजन ल्याइएको दाबी गर्छन्।

उनी भन्छन्, "एनजीओ/आईएनजीओले अलि टाठाबाठालाई साथमा लिएर काम गर्दा राउटेहरूमा तँभन्दा म ठूलो भन्ने भावना पैदा भयो अनि एकले अर्कालाई नटेर्ने भए। मुखिया पनि आफ्नै थरका बनाए।"

राउटे समुदायमा कल्याल जातिको बहुल छ। रास्कोटी, सोवंशी र कल्यालबीच एकअर्कासँग विवाह हुन्छ।

कल्यालको सङ्ख्या धेरै हुँदा भएकाले उमेर पुगेका युवायुवतीको विवाह हुन अलि मुस्किल पर्ने गरेको देखिन्छ।

तर सोवंशी र रास्कोटीका छोराछोरीको भने उमेर नपुग्दै पनि विवाह हुने गरेको देखिन्छ।

अहिले दैलेखको चुप्रानजिकै बस्दै आएका राउटे समुदायको जनसङ्ख्या १४२ जना रहेको छ।


### सम्बन्धित सामग्री

रोजगारी    अल्पसङ्ख्यकको अधिकार    नेपाल

### मुख्य समाचार

**उपराष्ट्रपति चयनका लागि मतदान सुरु, यस्ता छन् उक्त पदबारे जान्नुपर्ने कुरा**

२४ मिनेट पहिले

**पशुपतिनाथको ढोकैबाट दानपात्र चोरिएको घटनामा छानबिन समितिले गऱ्यो यस्तो शङ्का**

४ घण्टा पहिले

**अमेरिकासँग २२० क्रूज क्षेप्यास्त्र किन्दै अस्ट्रेलिया, चीनको प्रभाव कम गर्न कति आवश्यक?**

१ घण्टा पहिले

## अनि यो पनि




नेपाली राष्ट्रिय क्रिकेटमा पछिल्लो सफलताको मन्त्र के हो?

१६ मार्च २०२३



'मलमा अनुदान कटौतीको असर महिनौँपछि मात्र', तर बजारमा मूल्य 'दोबर'

१६ मार्च २०२३

विश्वासको मतपछि प्रधानमन्त्रीमा ‘आलोपालो-सम्झौता’

१५ मार्च २०२३

बिहीवार नेपालले यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?

१५ मार्च २०२३

लामो अनुपस्थितिपछि जापानका एक यूट्यूबर सांसद निष्कासित

१५ मार्च २०२३

अमेरिका, यूके र अस्ट्रेलिया परमाणु पनडुब्बी परियोजनामा सहमत

१४ मार्च २०२३

उडिरहेको भारतीय विमानमा यात्रुको मृत्यु, पाकिस्तानमा आकस्मिक अवतरण

१४ मार्च २०२३

सुरक्षा लगानी बढाउँदै यूके, चीन र विश्व व्यवस्थाबारे चर्चा किन?

१४ मार्च २०२३

## धेरै पढिएको

१ यूएईविरुद्ध रोमाञ्चक जितसँगै नेपाल विश्वकप क्वालिफायरमा

२ नेपाललाई यूएईविरुद्ध जित दिलाउँदै विश्वकप छनोटसम्म डोऱ्याएको डीएल प्रणाली के हो?

३ अमेरिकासँग २२० क्रूज क्षेप्यास्त्र किन्दै अस्ट्रेलिया, चीनको प्रभाव कम गर्न कति आवश्यक?

४ अब विदेश जानेलाई दुई वर्षभन्दा बढी समयको श्रम स्वीकृति

५ पशुपतिनाथको ढोकैबाट दानपात्र चोरिएको घटनामा छानबिन समितिले गऱ्यो यस्तो शङ्का


बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू

कुकीज

बीबीसीको बारेमा

बीबीसीलाई सम्पर्क गर्नुहोस्

गोपनीयता नीति

AdChoices / Do Not Sell My Info

© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**